**Prithvi Wangmaya**
(A Peer-Reviewed & NepJOL Indexed Journal)
Vol. 15, 2025 (Print ISSN: 2565-490X)
Email: rmc.nepali@pncampus.edu.np
URL: https://ejournals.pncampus.edu.np/ejournals/pw/

Department of Nepali
Tribhuvan University
Prithvi Narayan Campus
Pokhara, Nepal

# लेखनाथ पौड्यालको 'सप्तप्रश्नात्मक बुद्धिविनोदको पहिलो विनोद' काव्यमा व्यक्त आध्यात्मिक अभिलक्षण

## (Spiritual Attributes in Lekhnath Paudyal's Poetry "The First Amusement of Seven Intellectual Amusements")

**डा. बोधराज ढकाल (Dr. Bodha Raj Dhakal)**
नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
(Department of Nepali, Prithvi Narayan Campus, Pokhara)

**Article History:**
Receved 29 June 2025, Reviewed 27 July 2025, Accepted 02 September 2025
**Corresponding Author:**
Bodha Raj Dhakal; Email : bodharajdhakal026@gmail.com
DOI : https://doi.org/10.3126/pw.v15i1.85741

## सार (Abstract)

लेखनाथ पौड्यालको 'सप्तप्रश्नात्मक बुद्धिविनोदको पहिलो विनोद' काव्यमा व्यक्त आध्यात्मिक अभिलक्षणको विश्लेषण गर्ने उद्देश्यले यो लेख तयार पारिएको हो । यस लेखको अध्ययन क्षेत्र पौड्यालको काव्य रहेको छ। यस लेखको समस्याका रूपमा काव्यमा आध्यात्मिकता कसरी प्रस्तुत गरिएको छ भन्ने रहेको छ। यस अध्ययनमा पौड्यालले आध्यात्मिक विषयसँग सम्बन्धित सात प्रश्नहरू काव्यको सुरुमा नै प्रस्तुत गरी त्यसमा नै केन्द्रित रही पौरस्त्य षड्दर्शनले अगाडि सारेका आध्यात्मिक मूल्यका सापेक्षतामा प्रस्तुत गरेको पहिलो विनोद दृष्टान्तसहित देखाइएको छ। यस अध्ययनको सैद्धान्तिक आधार पौरस्त्य षड्दर्शनका दुःख, बन्धन र मोक्षसँग सम्बन्धित मान्यताहरू रहेका छन् । सांसारिक विषयाभिलाषा र यसको तृप्तिले मानिसले सुख प्राप्त गर्न सक्दैन भन्ने पूर्वीय षड्दर्शनको मान्यतालाई आधार मानी काव्यमा आध्यात्मिक चिन्तन प्रस्तुत गरिएको छ भन्ने विषयलाई अध्ययनको केन्द्र बनाइएको छ। गुणात्मक अनुसन्धान ढाँचाको यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतका सामग्रीहरूबाट प्राप्त तथ्यहरूलाई पाठ्यविश्लेषण विधिमार्फत काव्यमा अन्तरनिहित आध्यात्मिक अभिलक्षणलाई विवेचना गरिएको छ। कविले सांसारिक विषय, व्यवहार, व्यवस्था र स्थितिमा रुमलिएर मानिसले सांसारिक

*Copyright 2025 © The auther/s. This work is licensed under a* Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.

बन्धनमा परी दुःख पाएको र यसबाट मुक्त हुन विलक्षण ज्वाजल्ल्यमान दिव्यज्ञान नै चाहिन्छ भन्ने कविको धारणालाई सूचकका आधारमा काव्यमा व्यक्त आध्यात्मिक अभिलक्षणलाई दृष्टान्तसहित विश्लेषण गरिएको छ । सांसारिक विषयाभिलाषा र यसका पछि लाग्दा मानिसले केवल सांसारिक दुःख, कष्ट, पीडा, तनाव मात्र पाएको र यसबाट पार पाउन व्यक्ति स्वयम्भित्र रहेको अन्तचेतनालाई जगाएर तत्त्वज्ञान लिनुपर्दछ भन्ने धारणा नै काव्यको पहिलो विनोद भएको यस अध्ययनको निष्कर्ष रहेको छ । (This paper aims to analyze the spiritual attributes expressed in Lekhnath Paudyal's poetry "The First Amusement of Seven Intellectual Amusements". Here, the study has considered Paudyal's poem a text and how spiritualism is presented in the poem as its main issue of this study. In his poem, Paudyal has presented seven questions related to spiritual issues in which the first intellectual amusement has been written, relating spiritual values to divine six philosophies. This study draws the insights of six philosophies such as pain, bondage, and liberation as its theoretical framework. The study has also employed the spiritual principles of eastern six philosophies such as worldly pleasure and satisfaction cannot satisfy human life. Adopting qualitative research design, the study has used primary and secondary sources of information to critique the spiritual attributes inherent in Paudyal's poem through textual analysis. In this paper, the spiritual attributes presented in the poem has been interpreted in detail based on the poet's idea that to get rid of worldly subject, behavior, system and situation, those who are suffering from the worldly bondage need extraordinary divine knowledge. In conclusion, as the poet argues in his poem, human beings encounter worldly pain, suffering, distress, and tension if they run after worldly pleasures and to get rid of them, one has to develop own inner awareness for the knowledge of reality.)

**शब्दकुञ्जी** (Keywords): जडवाद, दिव्यज्ञान, आध्यात्मिक चिन्तन, सांसारिक विषयाभिलाषा, षड्दर्शन (Fanaticism, divine knowledge, spiritual thinking, worldly pleasure, six philosophies)

## विषयपरिचय

नेपाली कविता विधाका बहुआयामिक कवि लेखनाथ पौड्याल (वि.सं.१९४१-२०२२) का वि.सं. १९६२ मा *कविता कल्पद्रुम* कवितासङ्ग्रहमा *शृङ्गार पच्चीसी* र *मनसाकर्षिणी* कविताहरू प्रकाशित भएपछि उनको नेपाली कविता लेखन परम्परामा प्रवेश भएको पाइन्छ । फुटकर कवितादेखि महाकाव्यस्तर सम्मका काव्यकृतिहरू लेखेका पौड्यालका काव्यकृतिहरूमध्ये *सप्तप्रश्नात्मक बुद्धिविनोदको पहिलो विनोद* (१९९४) काव्य पनि एक रहेको छ । परिष्कारवादी धाराको विकासमा केन्द्रीय भूमिका निर्वाह गरेका पौड्यालले आधुनिक नेपाली कविताको प्रवर्द्धन गरेका छन् । पौड्यालले आफ्ना काव्यकृतिहरूमा पौरस्त्य दर्शनको आध्यात्मिक चिन्तनलाई विशेष स्थान दिएका छन् । विशेष गरी वैदिक षड्दर्शनले अङ्गीकार गरेका आध्यात्मिक तत्त्वचिन्तनलाई आफ्ना काव्यकृतिहरूमा कुनै न कुनै रूपमा प्रस्तुत गरेका छन् । भौतिक जगत्, सांसारिक जीवन एवम् यान्त्रिक उन्नतिका आडमा कृत्रिम बन्दै गएको मानवजीवनको अवस्थाप्रति व्यङ्ग्य

प्रकट गर्दै काव्यकृतिहरूमा आफ्ना आध्यात्मिक दृष्टिकोणमार्फत मानवजातिलाई दिशानिर्देश गराएका छन् । १९७३ मा प्रकाशित *बुद्धिविनोद प्रश्नावली* लघुकाव्यकै जगमा सातओटा प्रश्नलाई आधार मानेर *सप्तप्रश्नात्मक बुद्धिविनोदको पहिलो विनोद* तयार गरेको स्वयम् लेखकको भनाइ रहेको छ । यो काव्यकृति आध्यात्मिक विधाको निगूढतम् सिद्धान्तमा आधारित छ (पौड्याल, २०६२, वक्तव्य ) । अध्यात्मप्रेमी पाठकका लागि उपयोगी यस काव्यमा अभिव्यक्त मूलभाव अध्यात्मवादी चिन्तनमा केन्द्रित रहेको हुनाले यस लेखमा यिनै आध्यात्मिक मन वषियमा विश्लेषण गरिएको छ । काव्यमा आध्यात्मिक अभिलक्षण के, कसरी, कस्तो रूपमा प्रकट भएको छ ? भन्ने प्राज्ञिक जिज्ञासालाई निरूपण गर्नु लेखको उद्देश्य रहेको छ । यस लेखमा पौरस्त्य षड्दर्शनका दुःख, बन्धन र मोक्षसँग सम्बन्धित तत्त्वचिन्तन, मूल्यमान्यता एवम् दृष्टिकोणहरूलाई सूचकका रूपमा लिएर *सप्तप्रश्नात्मक बुद्धिविनोदको पहिलो विनोद* काव्यको विश्लेषण गरिएको छ । यस गुणात्मक अध्ययनमा व्याख्यापरक विधिको प्रयोग गरी तथ्यहरूको विश्लेषण गरिएको छ । प्रस्तुत कृति र वैदिक षड्दर्शनका आध्यात्मिक मूल्यमान्यताहरू बाहेक अन्यको विश्लेषण नगर्नु यस अध्ययनको सीमा रहेको छ । काव्यकृतिमा प्रस्तुत आध्यात्मिक अभिलक्षणको वस्तुपरक अध्ययन एवम् विश्लेषण गरिएको हुनाले प्रस्तुत लेख मौलिक एवम् नवीन रहेको छ । यस कृतिको विवेचन आध्यात्मिक अभिक्षणका दृष्टिले सर्वप्रथम विस्तृत रूपमा गरिएको छ र ज्ञानका दृष्टिले पनि महत्त्वपूर्ण रहेको हुनाले यो अध्ययन औचित्यपूर्ण रहेको देखिन्छ ।

**अध्ययन विधि**

*सप्तप्रश्नात्मक बुद्धिविनोदको पहिलो विनोद* काव्य आध्यात्मिक विधाको निगूढतम् सिद्धान्तमा आधारित रहेको काव्य हो । काव्यमा अभिव्यक्त आध्यात्मिक चिन्तनहरूलाई तत्त्वमीमांसाका रूपमा लिएर पौरस्त्य षड्दर्शनका आध्यात्मिक मूल्यमान्यताहरूको सापेक्षतामा रही निगमनात्मक पद्धतिमार्फत काव्यको विश्लेषण गरी ज्ञाननिर्माण गरिएको छ । यस अध्ययनको विषय क्षेत्र लेखनाथ पौड्यालको *सप्तप्रश्नात्मक बुद्धिविनोदको पहिलो विनोद* काव्यलाई अध्ययन सामग्रीको रूपमा लिइएको छ । सम्भाव्य नमुना छनोटको उपयोग गरी स्वेच्छिक नमुना छनोट विधिमार्फत यस कृतिलाई चयन गरिएको छ । यस लेखमा प्राथमिक स्रोत सामग्रीका रूपमा लेखनाथ पौड्यालद्वारा रचित *सप्तप्रश्नात्मक बुद्धिविनोदको पहिलो विनोद* काव्यलाई लिइएको छ । यसै गरी द्वितीयक स्रोत सामग्रीका रूपमा भने काव्यसँग सम्बन्धित पूर्वकार्यहरू र यस काव्यको विश्लेषणका लागि आधार मानिएको सैद्धान्तिक विषयसँग सम्बद्ध सामग्रीहरू रहेका छन् । यस अध्ययनमा प्रस्तुत काव्यमा अभिव्यक्त आध्यात्मिक चिन्तनलाई यिनै पुस्तकालय कार्यबाट प्राप्त सामग्रीहरूका माध्यमबाट प्राप्त तथ्यहरूका आधारमा समस्याको समाधान गरी विश्लेषण गरिएको छ। यस लेखमा प्राप्त सामग्रीहरूका आडमा व्याख्यापरक विधिमार्फत तथ्यहरूको दृष्टान्तसहित विश्लेषण गरिएको छ । सामान्यत : एपिए सातौँ संस्करणलाई अवलम्बन गरी यस अनुसन्धानमूलक लेखलाई तयार गरिएको छ ।

***सैद्धान्तिक आधार***

आध्यात्मिक अभिलक्षण भन्ने बित्तिकै पौरस्त्य दर्शन परम्परामा देखापरेका वैदिक

षड्दर्शनले अङ्गीकार गरेका आधिकारिक मूल्यमान्यताहरूलाई लिन सकिन्छ। जीव र जगत्लाई आध्यात्मिक तथा तार्किक विश्लेषणद्वारा हेरिने दृष्टिकोण वा गरिने विचार दर्शन हो (गौतम, २०७६, पृ.३८)। पूर्वीय र पाश्चात्य दर्शनमध्ये पूर्वीय दर्शनलाई पौरस्त्य दर्शन भनिन्छ। पूर्वीय दर्शन अन्तर्गत विशेष गरी भारतमा प्रचलित दर्शनहरू नै षड्दर्शन हुन् ( सरस्वती, सन् २०१९, पृ.३)। यस लेखमा पौरस्त्य दर्शन भनेर वैदिक षड्दर्शनका आध्यात्मिक मूल्यमान्यताहरूलाई लिइएको छ। सक्सेनाले वैदिक षड्दर्शनलाई अध्यात्म दर्शन भनेर स्पष्ट पारेका छन् (सक्सेना, सन् २०१२, पृ.२९६)। प्राचीन भारतवर्षमा ऋषिमुनिहरूले प्रतिपादन गरेका साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शनलाई वैदिक षड्दर्शन मानिन्छ, जसले वेदलाई आधार मानेर आफ्ना आध्यात्मिक दृष्टिकोणहरू दिएका छन्। वैदिक षड्दर्शनको ऐतिहासिक पृष्ठभूमिका रूपमा वैदिक साहित्यसँग सम्बन्धित वेद, ब्राह्मण, आरण्यक, उपनिषद्, ब्रह्मसूत्र, श्रीमद्भगवद्गीता, पुराण, इतिहास ( रामायण र महाभारत) ग्रन्थहरू, स्मृतिहरू आदिमा जीवन र जगत्का बारेमा भएका चर्चाहरूलाई लिन सकिन्छ। वैदिक षड्दर्शनले ईश्वरको अस्तित्व मान्ने, परलोकको अस्तित्व स्वीकार्ने, वेदप्रति श्रद्धा राख्ने, पूर्वजन्म र पुनर्जन्म स्वीकार गर्ने गरेको पाइन्छ। वेदलाई आप्त प्रमाण मान्ने यो दर्शन आस्तिक दर्शन पनि हो (प्रभात, २०७०, पृ.२८७)। यी दर्शनहरूमा ब्रह्म, ईश्वर, आत्मा, बन्धन, मोक्ष, परलोक, पुनर्जन्म, तत्त्वज्ञान, यम, नियम, ध्यान, माया, दु:ख, मोक्ष आदिका सन्दर्भमा विस्तृत रूपमा चर्चा गरिएको छ।

साङ्ख्यदर्शनमा ईश्वरवादी (मूल साङ्ख्यक) र अनीश्वरवादी (प्राचीन साङ्ख्यहरू) को सन्दर्भ पाइन्छ। संसार सञ्चालन गर्ने चेतन शक्ति ईश्वरलाई व्यवस्थापकका रूपमा लिइएको छ (राधाकृष्णन् भाग-२, सन् २०१२, पृ.२७४)। प्रकृतिको सृष्टि प्रक्रिया र विकासका लागि ईश्वरको आवश्यकतालाई स्वीकार गरिएको छ। यो दर्शनले अज्ञानलाई बन्धन मानेको छ र दु:खबाट मुक्त हुन तत्त्वज्ञान चाहिने कुरा उल्लेख गरेको छ। पच्चीस तत्त्वको सम्यक्ज्ञानबाट पुरुषको दु:ख निवृत्ति हुन्छ भनेर यो दर्शनले मोक्षलाई कैवल्य अवस्था मानेको छ (दशोरा, सन् २०२१, पृ.१५६)। सुखदु:खको समाप्ति नै मोक्ष हो। मानिसले त्रिविध दु:खबाट मुक्ति पाउनु पुरुषार्थ हो। यस दर्शनले आत्मालाई शरीरभन्दा भिन्न मान्दै अपरिवर्तनशील, एकमात्र र नित्य भनेको छ। धर्मलाई विवेकज्ञानको प्राप्ति, नियमपूर्वकको इन्द्रियजन्य कर्म र तृष्णारहित कार्यसँग जोड्दै यस दर्शनले वेदविहित कर्म र आचरणयुक्त धर्मलाई अवलम्बन गरेर नै मोक्ष मिल्दछ भनेको छ।

योगदर्शनमा ईश्वरलाई चेतनतत्त्व मान्दै विवेक ज्ञानको सृष्टि ईश्वरको चिन्तनबाट हुने उल्लेख गरिएको छ। यसले ध्यान र समाधिका लागि ईश्वरको आवश्यकता पर्ने तथा ईश्वर सर्वज्ञ र सर्वव्यापक रहेको मानेको छ। ईश्वरलाई विकाररहित र परमात्माका रूपमा लिएको छ। ईश्वरले नै मुक्ति दिलाउने यस दर्शनको मान्यता छ (गौतम, २०७६, पृ.६४)। यस दर्शनले अविद्यालाई बन्धन मान्दै क्लेशलाई दु:खको मूल भनेको छ। योगसाधनाले त्रिदु:ख (परिणाम, ताप र संस्कार) नाश गर्ने यस दर्शनको मान्यता रहेको छ। धर्मग्रन्थको स्वाध्ययन र ईश्वरको ध्यान गर्नु धर्म हो र यसलाई  प्राप्त गर्न एकाग्र योगसाधना चाहिन्छ भन्दै यसले जीवनलाई सत्मार्गमा लैजान्छ भनिएको छ। योगको अन्तिम लक्ष्य कैवल्य प्राप्ति भएको र यो नै मोक्ष हो भनिएको छ। अज्ञानताको निवृत्ति आत्मज्ञानबाट हुने र

आत्मज्ञान योग साधनाबाट प्राप्त हुन्छ भनेर स्पष्ट पारिएको छ। योगको अन्तिम लक्ष्य आत्मसाक्षात्कार हो । यसका लागि चित्तको निरोध हुनुपर्ने र योगबाटै निरोध भएपछि कैवल्य प्राप्त हुन्छ भनिएको छ ।

वैशेषिकदर्शनमा तद्वचनलाई वेदको प्रमाण मानिएको छ। तद्वचनलाई ईश्वरवचन भनेर विद्वान्हरूले व्याख्या गरेका हुनाले (शर्मा, सन् २०१०, पृ.१७०) यो दर्शनले ईश्वरलाई स्वीकार गरेको देखिन्छ। ईश्वरलाई नित्य, सर्वज्ञ र पूर्ण मान्दै आध्यात्मिक तत्त्व मानिएको छ। अविद्या बन्धन भएको र विषयवासनाप्रतिको आसक्ति राग हो भन्दै यसैका कारण मानिस बन्धनमा पर्ने उल्लेख छ। मिथ्याज्ञानले रागभाव उत्पन्न गराउने हुनाले जीव सांसारिक बन्धनमा परेर दुःख पाउँछ भनिएको छ। तत्त्वज्ञानले मात्रै यसको अन्त्य गराउने उल्लेख गर्दै आत्मालाई नित्य, सर्वव्यापी र चेतनाको आधार मानेको छ। यो दर्शनले प्रत्यक्षज्ञानबाट आत्माको ज्ञान हुन्छ भनेको छ। आत्मालाई जगत् सृष्टिको निमित्त कारण मान्दै धर्मको बाटोमार्फत मोक्ष प्राप्त हुने र सकाम आचरण र निष्काम कर्मले चित्त शुद्धि भएर धर्म प्राप्त हुने उल्लेख गरिएको छ ।

वेदलाई ईश्वरीय ज्ञान मानेको मीमांसादर्शनले ईश्वरको अस्तित्वलाई स्वीकार गरेको देखिन्छ। भौतिक आसक्तितर्फको प्रवृत्ति हुनुलाई यो दर्शनले बन्धन मानेको छ (गौतम, २०७६, पृ.८१)। अज्ञानताका कारण दुःख भएको र ज्ञानले यसबाट मुक्त गराई स्वर्ग प्राप्तिको मार्गमा लैजान्छ भनिएको छ। यो दर्शनले कर्मकाण्डबाट धर्मसङ्ग्रह हुने र धर्मको सहाराबाट स्वर्ग प्राप्ति हुन्छ भनेको छ। दुःखको आत्यन्तिक निवृत्तिबाट मोक्ष पाइने र यसपछि स्वर्गको प्राप्ति हुन्छ भनेर यस दर्शनले स्पष्ट पारेको छ (दशोरा, सन् २०११, पृ.२५५)। भौतिक विषयवस्तुप्रतिको लालसा नै दुःख हो र खराब कर्मले नराम्रो फल दिएर दुःख सिर्जना हुन्छ भनिएको छ। आत्मालाई स्थिर र नित्य मान्दै वेदविहित आचरणलाई धर्म भनेर कर्म पनि यसैअनुसार गर्नुपर्ने उल्लेख छ।

अद्वैत वेदान्तदर्शनका मूल्यमान्यताहरूका सापेक्षतामा हेरिने वेदान्तदर्शनले जगत्को सृष्टि, स्थिति र लयको कारण ब्रह्मलाई मानेको छ। मायाका कारण ईश्वर जगत्को कारण, कर्ता, पोषक र नाशकका रूपमा सर्वव्यापी, सर्वशक्तिमान् सगुण ब्रह्मका रूपमा देखिएको हो (नाथ, सन् २००८, पृ.५५) भनेर व्याख्या गरिएको छ। यसलाई नै बन्धन भन्दै यसले मानिसलाई पारमार्थिक सत्यबाट विमुख गराएर बन्धनमा पार्दछ भनिएको। अविद्याले गर्दा मानिस मायामा परेर सांसारिक विषयभोगमा आसक्त हुन्छ भनिएको छ। अविद्याको पूर्ण अभावको अवस्था नै मोक्ष हो (राधाकृष्णन्, भाग २, सन् २०१२, पृ.५५७) भन्दै यो दर्शनले बन्धनको कारण अज्ञानतालाई मानेको छ। आत्मा नै ब्रह्म हो भनिएको यो दर्शनमा आत्माको रूप ब्रह्म सबै घटघटमा व्यापक रहेको (सक्सेना, सन् २०१२, पृ.१२६) उल्लेख छ। ब्रह्मज्ञान प्राप्त गरी मोक्ष हासिल गर्न सकिने हुनाले वेदविहित धर्मको पालनामा जोड दिएको छ।

लेखनाथ पौड्यालको *सप्तप्रश्नात्मक बुद्धिविनोदको पहिलो विनोद* काव्यमा उल्लिखित वैदिक षड्दर्शनले अगाडि सारेका बन्धन, दुःख र मोक्ष आदि जस्ता विषयमाथिका चिन्तन र विमर्शहरूको सापेक्षित अभिव्यक्ति के कसरी प्रकट भएको छ ? त्यसको दृष्टान्तमूलक विवेचना यस अध्ययनमा गरिएको छ। काव्यमा रहेका मुख्य-मुख्य सापेक्षित भावाभिव्यक्ति दिने काव्यांशहरूलाई दृष्टान्त दिएर निगमनात्मक प्रमाणलाई उद्धृत गरी काव्यका यिनै

अभिलक्षणहरूका सापेक्षतामा विश्लेषण गरिएको छ ।

## विमर्श र नतिजा

*सप्तप्रश्नात्मक बुद्धिविनोदको पहिलो विनोद* काव्यमा पहिलो श्लोकमा सात प्रश्नहरू प्रस्तुत गरिएको छ। पौरस्त्य षड्दर्शनमा यो जीवन र जगत्लाई नश्वर भनिएको छ र भगवान्को लीला भनिएको छ। वैदिक षड्दर्शनले यस संसारलाई ईश्वरको लीला वा क्रिडास्थल र शरीरलाई अनित्य मानेको छ (सक्सेना, सन् २०१२, पृ.५६)। यही विचारको प्रभावका कारण लेखनाथले काव्यमा सातओटा प्रश्न गरेका छन् । सांसारिक जीवनसँग जोडिएका र मानिसमा अविद्याजन्य प्रवृत्तिले गर्दा भ्रमित भई भौतिक विषयमोहमा परेर पारमार्थिक सत्यबाट विमुख भएको सन्दर्भलाई यस श्लोकमार्फत स्पष्ट पारेका छन् :

कहाँ थियो वास ? तँ को ? म को थियैँ ?
प्रपञ्च के हो ? किन देह यो लियैँ ?
कहाँ छ जानू ? कुन साथ ली कन ?
तँलाई मालुम् छ कि ? यो कुरा मन ! ॥
(पौड्याल, १९९४, श्लोक १, पृ.१)

कविले यस श्लोकमा सातओटा प्रश्न गरेका छन्। यी प्रश्नहरू जीवन र जगत्सँग सम्बन्धित छन्। सांसारिक जीवनसँग सम्बन्धित यी विषयहरूलाई जीवले अज्ञानका कारण यिनीहरूभित्रको गूढ रहस्य जान्न सकेको छैन। कविले अज्ञानबाट परिपोषितहरूप्रति यी आध्यात्मिक गूढ रहस्यका तत्त्वचिन्तनलाई प्रश्नात्मक रूपमा सोधनी गरेका छन्। मानिसले जीवन र ब्रह्म एउटै भए पनि यिनीहरूमा भेद देख्नु व्यावहारिक पक्ष हो (गिरि, २०५५, पृ.१३८)। भेदभावका कारण मानिसहरूले जीवन र जगत्लाई सत्य ठानेका छन्। यसरी मिथ्या कुरालाई सत्य मान्ने मानिसको यस प्रवृत्तिमाथि कविले प्रश्न गरेर पारमार्थिक गूढ रहस्य खोतलेका छन। कविले यो गूढ रहस्य बुझेका छन्। अद्वैत वेदान्तदर्शनले अङ्गीकार गरेका मान्यतालाई यस श्लोकमा सन्निहित गराएर मानिसलाई पारमार्थिक तत्त्वबोधबाट विमुख हुँदा भ्रममा परी दुःख पाइने विषयलाई यहाँ उल्लेख गरिएको छ। मानिसले दुःख पाउनुको कारण अविद्या हो। यसबाट मुक्ति पाउन तत्त्वज्ञान चाहिन्छ र यो देह नाशवान् छ भनेर साङ्ख्यदर्शनमा (गौतम, २०७६, पृ.५६) उल्लेख छ। मानिसले जगत्लाई नै वास भनेको छ। जीवन के हो ? बुझेको छैन। जन्म र मृत्युको प्रपञ्चमा परी मानिस सांसारिक जीवनकै पछि लागेर भ्रमित जीवन बाँचिरहेको छ। यो देह नश्वर छ र एक न एक दिन नष्ट भएर जान्छ भन्ने कुरालाई भुलेर यही भौतिक जीवन र जगत्को पछि लागिरहेको छ। पौरस्त्य षड्दर्शनमा पूर्वजन्म र पुनर्जन्मका सन्दर्भमा चर्चा गरिएको छ। यस श्लोकमा कविले संसारिक जीवका रूपमा जीवले आफूले आफैँलाई नचिनेको, यही भौतिक विषयवस्तुलाई नै महत्त्व दिएको, दैहिक जन्म र मृत्युको चक्र नबुझेको, सांसारिक प्रपञ्चको सिकार भएको विषयलाई प्रश्नात्मक रूपमा राखेर आध्यात्मिक ज्ञानको महिमा र परमसत्यको विषयमा आफ्नो बुझाइलाई प्रस्तुत गरेका छन्।

लेखनाथले प्रस्तुत गरेको अध्यात्मचिन्तनमा आधारित यी सात प्रश्नहरूका सन्दर्भमा विनोद व्यक्त गर्दा सांसारिक विषयवासना र यसले जीवलाई कसरी बन्धनमा पारेको छ ? अनि यसबाट मुक्ति कसरी मिल्दछ ? त्यसलाई यस काव्यमा समेटेका छन्। पौड्यालमा दिव्यज्ञान रहेको देखिन्छ। दिव्यज्ञानीले नै जीवन र जगत्को गूढ रहस्य बोध गर्दछ। अज्ञानताको निवृत्ति आत्मज्ञानबाट हुन्छ (दशोरा, सन् २०११, पृ.२१३)। पौड्यालमा यही आत्मज्ञान भेटिन्छ।

उनले यसको दृष्टान्त दोस्रो श्लोकमा यसरी प्रस्तुत गरेका छन् :

बिसाई कुलो विषयाभिलाषको
विवेक गर्दा उस दिव्य वासको ॥
चमक्क चक्यो बिजुली विलक्षण
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ॥
(श्लोक २, पृ.१)

मानिस बन्धनमा पर्नुको कारण सांसारिक विषयप्रतिको आसक्ति हो। पूर्वीय षड्दर्शनमा बन्धनको कारण अविद्यालाई मानेको पाइन्छ। अविद्यालाई मिथ्याज्ञान वा अज्ञानता भनेर दर्शनहरूमा व्याख्या गरिएको छ (गौतम, २०७६, पृ.५८-९२)। अवास्तविक कुरालाई वास्तविक मानेर भौतिक संसारमा रुमल्लिँदा जीवले दुःख पाउँछ। पारमार्थिक यथार्थबाट विमुख गराउने काम अविद्याले गर्दछ। जबसम्म जीवमा अविद्या भाव रहन्छ तबसम्म जीव विषयाभिलाषामा लागिरहन्छ। विषयप्रतिको मोहले जीवलाई मुक्ति प्राप्त गर्न बाधा पुऱ्याउँछ। जीवलाई यस सांसारिक बन्धनबाट मुक्ति दिलाउन ब्रह्मज्ञानले मात्र सक्दछ। तत्त्वज्ञानका माध्यमले सबै कर्म निस्तेज भई जीवन मुक्त हुन्छ (सहाय, सन् २०१४, पृ.३८५)। वेदान्त दर्शनलगायतका पौरस्त्य दर्शनहरूमा तत्त्वज्ञानको महिमा उल्लेख गरिएको छ। प्रस्तुत श्लोकमा दिव्यवासको चर्चा गरिएको छ। दिव्यवास भनेको परमार्थ ज्ञानको अवस्था हो। यसलाई पौरस्त्य दर्शनहरूले ब्रह्मज्ञान, तत्त्वज्ञान, दिव्यज्ञान, परमार्थज्ञान आदि भनेर व्याख्या गरेका छन्। दिव्यवासको अवस्थामा जीव अविद्याबाट मुक्त हुन्छ। अविद्या नाश भएपछि जीव कर्मबन्धनबाट मुक्त हुन्छ। यस्तो अवस्था भनेको मोक्ष अवस्था हो। विवेकपूर्ण अवस्थामा मात्र जीव ब्रह्मविद्या प्राप्त गर्नतर्फ लाग्दछ। विवेकको वास रहने ठाउँ नै यही दिव्यस्थान हो। दिव्यस्थान नै ज्ञानात्मक अवस्था हो। कविले दिव्यवास भनेर ब्रह्मज्ञान प्राप्त अवस्थालाई उल्लेख गरेका छन्। यो तत्त्वज्ञान प्रकाशमय उज्यालो हुन्छ। अज्ञान अन्धकार हो भने ज्ञान उज्यालो हो। दिव्यज्ञान प्राप्त गर्नु भनेको परम उज्यालो अवस्था हो जो बिजुली जस्तै चम्किन्छ। प्रकाशमय ज्वाजल्य उज्यालो भनेर कविले विषयाभिलाषा त्यागेर विवेकलाई दिव्यज्ञानमा समाहित गराई तत्त्वज्ञान प्राप्त गरेको अवस्थालाई उल्लेख गरेका हुन्।

पूर्वीय दर्शनमा जीवले दुःख पाउनुको कारण सांसारिक प्रपञ्चलाई मानेको पाइन्छ। सांसारिक प्रपञ्चमा अल्मलिनुको कारण जीवमा रहेको भौतिक सुखसुविधा एवम् वस्तुप्रतिको मोह हो। जबसम्म मानिस सांसारिक विषयवस्तुको मोहमा परेर रुमलिइहन्छ तबसम्म उसले सांसारिक बन्धनमा परेर दुःख पाउँछ। जब व्यक्तिले तत्त्वज्ञान प्राप्त गर्दछ तब ऊ सबै प्रकारका दुःखबाट मुक्ति प्राप्त गर्ने मार्गमा पुग्दछ र ऊ मोक्ष हुन्छ (गौतम, २०७६, पृ.५८)। तत्त्वज्ञान प्राप्त भएपछि नै व्यक्ति स्वयम्ले आफूलाई बुझ्दछ। आफू कुन बाटोमा हिँडेर दुःख पाएको रहेछु र बन्धनमा परेको रहेछु भन्ने बुझ्दछ। यस सन्दर्भलाई कविले काव्यमा यसरी व्यक्त गरेका छन् :

अघि तँलाई अगुवा गरी भुली
प्रपञ्चको जंगलमा डुली, डुली।
विपत्ति भोगेँ जुन त्यो म भुल्दिन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ॥
(श्लोक १९, पृ.५)

मिथ्याज्ञानले गर्दा मानिसमा रिस, राग, द्वेष, अभिमान, अहङ्कार आदि उत्पन्न हुन पुग्दछन्। अहङ्कारयुक्त व्यक्तिले अवास्तविकलाई वास्तविक ठान्दछ। यसको अर्थ हो मानिस सत्यलाई पनि सत्य स्वीकार गर्दैन। अध्यासले गर्दा जीवले भ्रममा परेर असत्यलाई सत्य ठानेको

हो । सत्य बुझ्न पनि खोज्दैन । यस श्लोकमा कवि त्यस्तै भएका देखिन्छन् । विगतमा आफूले सत्य के हो ? नबुझ्दा भ्रमित जीवन बाँचेको प्रसङ्ग उल्लेख गरेका छन् । अज्ञानले गर्दा सांसारिक प्रपञ्चको जङ्गलमा फसेको र उद्देश्यहीन बनी डुलिरहेको कविको भनाइ छ । मिथ्याज्ञानले मानिसलाई प्रवृत्तिमार्गतर्फ उन्मुख हुन प्रेरित गरी सांसारिक बन्धनमा पार्दछ (गिरि, २०५५, पृ.५१) । कविले प्रवृत्ति मार्गमा पर्दा विगतमा दुःख पाएको उल्लेख गरेका छन् । उनले विगतको आफ्नो भोगाइ दुःखपूर्ण रहेको र वास्तविक सुख के हो ? भन्ने नुबझेको स्वीकार गरेका छन् । विगतमा आफूले जे कुरालाई सुखको आधार मानेको हो त्यो फगत मिथ्या रहेछ र त्यसबाट केवल सांसारिक बन्धनमा परेर दुःख मात्र पाइँदो रहेछ । आज आएर कविले यसलाई बोध गरेका छन् । आफूले विगतलाई भुल्न नसक्ने र विगतको विपत्ति पनि अब आफूले भोग्नु नपर्ने भन्ने बुझेका छन् । तत्त्वज्ञानकै कारण कविले सांसारिक कुरा र भौतिक वैभवतालाई प्रपञ्च र विपत्तिको संज्ञा दिएका छन् । कविले सांसारिक जीवन भोगाइका बन्धनीय अवस्थालाई बुझेर आत्मिक परमसुखको यात्रा तत्त्वज्ञानबाट मात्र सम्भव छ भनेर स्पष्ट पारेका छन् ।

पौरस्त्य षड्दर्शनहरूमा बन्धनका सन्दर्भमा व्यापक चिन्तन भएको पाइन्छ । बन्धनको कारण जीवले सांसारिक विषयवासनाप्रति मोह राख्नु हो भनिएको छ । भौतिक विषयवस्तुप्रति मोह उत्पन्न हुनाको कारण अज्ञानता हो । व्यक्ति तत्त्वज्ञान विमुख हुँदा ऊ अविद्याबाट ग्रसित हुन्छ । अविद्यालाई त्रिविध दुःखबाट मानिसलाई मुक्त हुन नदिने कारक मानिएको छ (ढकाल, २०८०, पृ. ७७) । लौकिक जीवनमा सांसारिक विषयवस्तुका माध्यमबाट सुख प्राप्त गर्न सकिन्छ भन्ने मानिसलाई विश्वासमा पार्ने तत्त्व नै अविद्या हो । अविद्याले गर्दा मिथ्याज्ञान उत्पन्न हुँदा मानिसको चित्त प्रवृत्तमार्गमा लाग्दा ऊ बन्धनमा पर्दछ (आचार्य, २०५९, पृ.११) । मानिस प्रवृत्त मार्गमा लाग्दा उसले सांसारिक जीवनसँग सम्बन्धित विषयवस्तुप्रति मोह राख्दछ र दिनप्रतिदिन दलदलमा फँसेर दुःख पाउँछ भन्ने कविको भनाइ रहेको छ :

कुल प्रतिष्ठा, गुण, मान, गौरव  
ठूलो प्रपञ्चात्मक भास हो सब ॥  
सकिन्न सोझैं यसबाट उत्रन  
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ॥  
(श्लोक ४२, पृ.११)

सांसारिक विषयवस्तु सबै भ्रमित सुखका कुरा हुन् भन्ने बोध तत्त्वज्ञानीमा मात्र हुन्छ । पूर्वीय षड्दर्शनमा दुःखको कारण अविद्यालाई मानिएको र अविद्याबाट छुट्कारा पाउन आत्मज्ञान चाहिने उल्लेख छ । मानिस जबसम्म अध्यासमा रहन्छ तबसम्म सांसारिक जीवनका विषयमार्फत आफूलाई सुखी र प्रतिष्ठित बनाउन चाहन्छ । कविले आफ्नो कुल प्रतिष्ठाको सन्दर्भलाई उल्लेख गर्नुको कारण नै यही हो । सांसारिक मान, सम्मान, प्रतिष्ठा, गौरव जस्ता प्रपञ्चहरूका पछि लाग्नुको कारण अज्ञानता हो भनिएको छ । अविद्याले गर्दा मानिस यसको पछि लागेर दलदलमा फसेको छ । यी कुरा यस्ता भास हुन् जसमा फसेपछि उत्रन मानिसलाई कठिन हुन्छ भनेर कविले यस श्लोकमा स्पष्ट पारेका छन् । परम सुख प्राप्ति यी कुराबाट हुन सक्दैन । त्यति सजिलै यी सांसारिक प्रपञ्चको भासबाट उत्रन सकिन्न भन्ने तत्त्वबोध कविमा भएको देखिन्छ । आत्मामा मिथ्याज्ञान रहँदासम्म मानिस जीवन र मरणको चक्रमा फसिरहन्छ (गौतम, २०७६, पृ.७७) । जीवन र मरणको चक्र भनेकै सांसारिक प्रपञ्चसापेक्ष प्रवृत्तिहरू हुन् । कविले

यस चक्रलाई बोध गरेको देखिन्छ । यथार्थ ज्ञानलाई प्राप्त भएपछि नै आत्माबाट मिथ्याज्ञान हट्दछ । मिथ्याज्ञानरूपी राग र द्वेष विनष्ट हुँदा आत्मा अर्को शरीरमा प्रविष्ट हुँदैन । यही अवस्था नै मोक्ष अवस्था हो (आचार्य, २०५९, पृ.२१) । कविले यस विनोदमा सांसारिक विषयवस्तुहरूलाई प्रपञ्चात्मक भास भनेका छन् । मानिसलाई यी विषयवस्तुले दलदलमा फसाएर बन्धनमा पारी दुःख पुऱ्याउँछन् भन्दै कविले यसबाट मुक्त भई परमानन्द प्राप्त गर्न सकिने तर त्यति सहज र सजिलै भने नहुने भन्दै तत्त्वज्ञान प्रस्तुत गरेका छन् ।

अज्ञानले गर्दा मानिसले भौतिक संसारलाई सत्य ठान्दछ । यो दृश्यात्मक जगत्लाई नै यथार्थ मान्दछ । जबसम्म मानिस अविद्याबाट घेरिइरहन्छ तबसम्म यो अवास्तविकलाई वास्तविक ठान्दै जडवादमा अल्झिरहन्छ । यही अल्झाइले मानिसलाई सांसारिक बन्धनमा पार्दछ । यसबाट मुक्ति पाउने हो भने ब्रह्मविद्याबाट ब्रह्मज्ञान प्राप्त गर्नुपर्दछ ( दशोरा, सन् २०११, पृ.३६१) । यसका लागि साधनाचतुष्टयका साथै श्रवण, मनन् र निदिध्यासन चाहिने उल्लेख छ । कविले बाह्य दृश्यमा देखिने जड कुराबाट कुनै आनन्द प्राप्त नहुने र वास्तविक आनन्द आत्मज्ञानबाट मिल्ने पूर्वीय षड्दर्शनका तत्त्वचिन्तनका आदर्शलाई यस श्लोकमा प्रस्तुत गरेका छन् :

"नजा, नजा, त्यो जडवादमा नजा,
म भित्र छु, बाहिर छैन क्यै मजा"
भनेर घन्क्यो फिर बाँशुरी घन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ॥
(श्लोक ५५, पृ.१४)

मानिसले मायाको भ्रममा पर्दा यो सांसारिक विषयवस्तुलाई नै यथार्थ ठान्दछ । आँखाले देखिने यो जड जगत्लाई नै सत्य मान्दा ऊ सांसारिक विषयवासनामा रुमलिन्छ । बाहिर आँखाले देखिने यो जगत् असत्य हो । यो नाशवान् सांसारिक जीवनलाई बुझ्न आत्मज्ञान चाहिन्छ । आत्मज्ञान बाहिर देखिने कुरा होइन । यो शुद्ध चैतन्य एवम् स्वप्रकाश छ । वेदान्त दर्शनमा यसलाई ब्रह्मज्ञान भनिएको छ र अज्ञानतालाई नष्ट गर्ने अमृततत्त्व भनिएको छ (गौतम, २०७६, पृ.९२) । आत्म साक्षात्कारबाट ब्रह्मज्ञान प्राप्त भएपछि नै मानिसले मोक्ष प्राप्त गर्दछ । यो ज्ञान आफैमा अलौकिक, सत्, चित् र आनन्दमय हुन्छ भनिएको छ । मीमांसादर्शनमा पनि जडवस्तु जगत्प्रतिको आसक्ति अज्ञानताका कारण भएको र ज्ञान प्राप्तिपछि यो भ्रम हटेर व्यक्तिले मुक्ति पाउने उल्लेख छ । सांसारिक दुःखबाट मुक्ति नै मोक्ष भनेर मीमांसामा उल्लेख छ (सक्सेना, सन् २०१२, पृ.११२) । कविले यस श्लोकमा जडवादमा नलाग्न आह्वान गरेका छन् । बाहिरी संसारको पछि नलाग्न र बाहिर केही मजा छैन भन्दै आफूभित्रकै दिव्यज्ञान हासिल गर्न आग्रह गरेका छन् । वैषेशिकदर्शनमा तत्त्वज्ञानको मध्यमबाट आत्म साक्षात्कार भएपछि मोक्ष हासिल हुने ( गौतम, २०७६, पृ.७७) उल्लेख छ । यसले पनि आफूभित्र रहेको त्यो परमानन्दको आधार आत्मज्ञानलाई प्राप्त गर्न र बोध गर्न निर्देश गरेको देखिन्छ । न्यायदर्शनमा पनि यथार्थ ज्ञानले दुःखबाट मुक्त गराउँछ भनिएको छ । त्यो यथार्थज्ञान भनेकै तत्त्वज्ञानपछिको बोधात्मक अवस्था हो जुन व्यक्ति स्वयम्मा स्वप्रकट हुने कुरा हो । जुन व्यक्ति स्वयम्भित्र रहेको हुन्छ । तत्त्वज्ञानले मिथ्याज्ञान हटाएपछि मोक्ष प्राप्त हुन्छ (दशोरा, सन् २०११, पृ.७८) भन्ने धारणा कविले व्यक्त गरेको धारणासँग सापेक्षित रहेको देखिन्छ । यो दर्शनमा योगसाधनामार्फत मोक्ष प्राप्ति हुने ( गौतम, २०७६, पृ.६५) उल्लेख छ । यो स्वयम् आफूभित्र रहेको विषयसँग सम्बन्धित देखिन्छ ।

साङ्ख्यदर्शनमा मोक्षका लागि ज्ञान प्राप्ति हुनुपर्दछ (सा.सु. २/२३ र २७) भनिएको छ। कविले बाहिरी जगत्मा आनन्द खोजेर मिल्दैन यो त स्वयम् आफूभित्र नै छ भनेका छन्। कविले यो तत्त्वज्ञानलाई बाँसुरीको धुनसँग तुलना गर्दै दिव्यज्ञानको संकेत गरेका छन्। कविले मानिसलाई दुःख, सुख र आनन्दभन्दा पनि परको सच्चिदानन्द प्रदान गर्ने ब्रह्मज्ञानसँग यसलाई जोडेर प्रस्तुत गरेका छन्।

अविद्याचेत रहँदासम्म मानिसले सांसारिक विषयप्रति आसक्ति राखिरहन्छ। आत्मालाई शरीर, मन र इन्द्रिय मान्दछ। देहात्मबुद्धिले गर्दा मानिसले सांसारिक व्यवस्थाप्रति मोह राख्दछ (प्रभुपाद, सन् २०१६, पृ.७३)। भौतिक कुराहरूप्रति मोह राख्नुको कारण नै द्वैतभाव हो। पूर्वीय षड्दर्शनमा अविद्याले गर्दा जीव बन्धनमा पर्दछ भनिएको छ। विशेषतः वेदान्त दर्शनले सांसारिक विधि, व्यवहार एवम् व्यवस्था आदि सबैलाई मिथ्या भनेको छ। यो दर्शनले एकमात्र सत्य ब्रह्मलाई मानेको छ। सारा ब्रह्माण्डको सृष्टि, स्थिति र प्रलयको कारण ब्रह्मलाई मानिएको छ। यस वास्तविकतालाई नबुझी आज मानिस सांसारिक विषयप्रति आसक्ति राखेर निर्घिनी बनेका छन् भन्ने कविको भनाइ छ :

लिएर आसक्ति भएर निर्घिनी  
महेन्द्र-सिंहासनमा गए पनि  
उही छ औडाह उही छ भर्मन  
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ॥  
(श्लोक ९३, पृ.२४)

अज्ञानले गर्दा मानिसले सबै सांसारिक कुरालाई सत्य ठानेको हो। यही ठनाइले मानिस सांसारिक व्यवहारका विभिन्न व्यवस्थामा आफूलाई उच्च स्थानमा लैजानका लागि आसक्ति देखाउँछ। मानिस सांसारिक जीवनमा सांसारिक विषयवस्तुको उपभोग र सङ्ग्रहमार्फत आफूलाई विशिष्ट बनाउन चाहन्छ। कविले यस प्रकारको आसक्तिलाई निर्घिनीको संज्ञा दिएका छन्। मानिसमा रहेको विशेष भावले गर्दा ऊ यसरी आसक्त बनेको हो। अविद्याग्रस्त मानिसले आफ्ना शारीरिक चाहनाहरूलाई सन्तुष्ट पार्न चाहन्छ (प्रभुपाद, सन् २०१६, पृ.१४)। यस कुराले के स्पष्ट पार्दछ भने जीव र मानिस मायादास बन्दा उसले यस प्रकारको आसक्ति देखाउन पुग्दछ। मानिसले सांसारिक वैभवता र सुख प्राप्तिका लागि जति नै यत्न गरे पनि ऊ कहिल्यै सन्तुष्ट हुँदैन। भौतिक सुख, सुविधा र मान प्राप्तिको अन्तिम टुङ्गो वा सीमा हुँदैन। कति प्राप्तिपछि आसक्ति पूरा हुने हो त्यो स्पष्ट छैन। केही नहुँदा थोरै भए हुन्थ्यो भन्ने मानिस केही भएपछि अरू होस् भन्ने मोह राख्दछ। यो अरू होस् भन्ने चाह एकपछि अर्को गरी थपिँदै जान्छ। यसले केवल मोह बढाउँदै जान्छ र मानिसलाई तनावमाथि तनाव थप्दै लैजान्छ। सांसारिक विषयाभिलाषाप्रतिको आसक्तिको कहिल्यै टुङ्गो नहुने भएर पनि मानिसहरू यसकै पछि लागेर झन् दुःख पाएको तितो यथार्थ कविले व्यक्त गरेका छन्। त्यसैले यस्तो सोच राखेर सांसारिक विषयमोहका पछि लाग्ने मानिसलाई निर्घिनी भनेर उल्लेख गरेका छन्। सांसारिक विषयवस्तुका माध्यमबाट सुख पाउन मानिस जति नै दौडधुप गरे पनि उसले कहिल्यै सुख पाउँदैन भन्दै मानिसले परमसुख प्राप्तिका लागि आत्मज्ञान हासिल गर्नुपर्ने निष्कर्ष कविको रहेको छ। तत्त्वज्ञान हासिल गर्नेतिर नलागेर यसरी व्यर्थको विषयको पछि लाग्दै हिँड्ने मानिसलाई निर्घिनीको संज्ञा दिएका छन् जुन सही छ। नाशवान् जीव र जगत् भन्ने नबुझी यसरी भौतिक विषयसुखको पछि लाग्ने मानिसलाई अज्ञानीको संज्ञा दिएर कविले यस विनोदमा महत्त्वपूर्ण तत्त्वचिन्तन प्रस्तुत गरेका छन्।

## निष्कर्ष

लेखनाथ पौड्यालले *सप्तप्रश्नात्मक बुद्धिविनोदको पहिलो विनोद*को पहिलो श्लोकका सातै प्रश्नहरूउपर पृथक दुई विनोद खडा गर्ने अभिप्रायले यो पहिलो विनोद लेखेको पाइन्छ । अध्यात्मविधाको निगूढतम् सिद्धान्तसँग सम्बन्धित यस विनोदका हरेक श्लोकमा आध्यात्मिक बुद्धि विनोद हुने गरी भाव अभिव्यक्त भएको पाइन्छ । यस लेखमा पौरस्त्य षड्दर्शनले जीवन र जगत्का सम्बन्धमा अगाडि सारेका मूल्यमान्यताहरूलाई कविले कुनै न कुनै रूपमा प्रस्तुत गरेका छन् । कविले मानिसहरू अज्ञानका कारण भेदभाव रहँदा जीवन र जगत्लाई बुझ्न नसकेर सांसारिक बन्धनमा परेको उल्लेख गरेका छन् । यो नाशवान् जीवन र जगत्प्रति अधिक मोह राखेर मानिस सांसारिक विषयाभिलाषको पछि लागेर दुःख पाएको छ भन्ने कविको भनाइ छ । ब्रह्मविद्या प्राप्तिपछि अज्ञानबाट निवृत्त भएर ज्वाजल्ल्यमय दिव्यज्ञानले मानिसले परम सुखानुभूति गर्दछ भनेर कविले स्पष्ट पारेका छन् । काव्यमा अज्ञानले गर्दा सांसारिक प्रपञ्चको जङ्गलमा फसेर उद्देश्यहीन भई डुलिरहेको मानिसलाई वास्तविक सत्यबोध गर्न आग्रह गरिएको छ । लौकिक जीवनका सांसारिक विषयवस्तु, व्यवस्था र व्यवहारका पछि लागेर मानिसले प्राप्त गर्न खोजेको सुख कहिल्यै प्राप्त गर्न नसक्ने र व्यक्ति स्वयम् जन्म र मृत्युको चक्रबाट मुक्ति पाउन पारमार्थिक सत्यबोध हुनुपर्ने धारणा कविको रहेको छ । मिथ्याज्ञानले व्यक्तिलाई सांसारिक विषयवस्तुहरूको दलदलमा फसाउने उल्लेख गर्दै मानिसलाई यो सांसारिक जडवादबाट मुक्त हुन दिव्यज्ञान रूपी तत्त्वज्ञान आवश्यक पर्ने उल्लेख गरिएको छ । कविले अविद्याचेत रहँदासम्म मानिस सांसारिक विधि, व्यवहार र व्यवस्थामार्फत आफूलाई प्रतिष्ठित एवम् सुखी बनाउन खोज्दछ भनेका छन् । जीवनभर जति नै दौडधुप गरे पनि उसले चाहेको सुख कदापि प्राप्त गर्न नसक्ने कुरा निष्कर्षसहित कविले पौरस्त्य षड्दर्शनले अगाडि सारेका दुःख, बन्धन र मोक्षसँग सम्बन्धित मान्यताहरूको सापेक्षतामा यस लघुकाव्यमा सशक्त रूपमा आफ्नो विनोद प्रस्तुत गरेका छन् ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, श्रीराम शर्मा (सम्पा.) (२०५९), *साङ्ख्य एवं योगदर्शककन,* ब्रह्मवर्चस् शान्तिकुञ्ज ।

गिरि, रामानन्द (२०५५), *जनक दर्शन,* तिमिल्सिना, रामहरि(अनु.), जनक शिक्षा सामग्री केन्द्र ।

गौतम, गोपीकृष्ण (२०७६), *लेखनाथ पौड्यालका कवितामा वैदिक षड्दर्शन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र, दाङ ।

ढकाल, बोधराज (२०८०), *लेखनाथ पौड्यालका काव्या अद्वैत वेदान्तदर्शन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र, दाङ ।

दशोरा, नन्दलाल (अनु.)(सन् २०११), *हिन्दूधर्म के छ: शास्त्र, षट्दर्शनम्,* रणधीर प्रकाशन ।

नाथ, राकेश (सम्पा.)(सन् २००८), *क्या ईश्वर है ?* (तेस्रो संस्क.), विश्व बुक्स ।

पौड्याल, लेखनाथ (२०६२), *सप्तप्रश्नात्मक बुद्धिविनोदको पहिलो विनोद,* कुन्तीदेवी भट्टराई ।

प्रभात, विष्णु (प्रधान सम्पा.) (२०७०), *प्रज्ञा दर्शन कोश,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रभुपाद, श्री श्रीमद् ए.सी. भक्ति वेदान्त स्वामी ( सन् २०१६), *श्रीमद्भगवद्गीता यथारूप,*

वादरायणदास (अनु.), भक्तिवेदान्त बुक ट्रस्ट ।

राधाकृष्णम्, सर्वपल्लि (सन् २०१२), *भारतीय दर्शन* (भाग-२), नन्दकिशोर (अनु.), राजपाल एन्ड सन्ज ।

शर्मा, चन्द्रधर (सन् २०१०), *भारतीय दर्शन आलोचना और अनुशीलन* (द्वितीय संस्क.), मोतीलाल बनारसी धाम ।

सक्सेना, प्रवेश (सन् २०१२), *भारतीय दर्शनों मे क्या है ?,* हिन्दू लजी बुक ।

सरस्वती, प्रत्यगात्मानन्द (सन् २०१९), *हिन्दू षड्दर्शन्,* एस.एन.खण्डेलाल (हिन्दी अनुवाद), विश्वविद्यालय प्रकाशन ।

सहाय, शिवस्वरूप (सन् २०१४), *प्राचीन भारतीय धर्म एवम् दर्शन* (षष्ठ संस्क.), मोतीलाल बनारसी दास ।